गतिशील
लोकतान्त्रिक पार्टी
www.gatisheel.party

# मेरो सरकार स्थानिय सरकार

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विकेन्द्रीकरणको भावना अनुरुप स्थानिय निकायको कार्य सम्पादक गर्ने आधारभूत एकाईहरुबारे स्पष्ट अधिकार प्रदान गरेको छ ।*

सहभागितामूलक ढंगले हरेक नेपालीको समतामूलक जीवनस्तर उठाउने कार्य स्थानिय पालिका र वडा कार्यालयको हो । हाम्रो पार्टी यसैमा विश्वास गर्दछ । यसै ऐनलाई आधार मानेर आफ्ना कार्यक्रम अगाडी बढाउनेछ । कार्यक्रम विशेषगरि गाउँपालिका, नगरपालिका/उपमहानगर र महानगरपालिकाको जनसंख्याको आधारमा निर्धारण गरिनेछ । यस कार्यक्रमलाई सफल नेतृत्व वडाअध्यक्ष र सदस्यहरुकै अभिभारा हुनेछ ।

क. **रोजगार**

जीवनस्तर उकास्ने प्रमुख उपाय रोजगारी नै हो । रोजगारका लागि सिप र उमेर पुगेका युवाहरुलाई दिगो रोजगारी कार्यक्रममा संलग्न गराउनु पर्छ । अपर्याप्त उद्योगधन्दा, कलकारखानाका साथै रोजगारीका कमीले धेरैजसो युवाहरु विदेशिन बाध्य भएका छन् । एवं कारणले बेरोजगारी एवं अर्धबेरोजगारीको भूमरीमा धेरै युवाहरु रुमालिरहेका छन् ।

रोजगारी खोज्दै विदेश गएका युवाहरु  औषतभन्दा पनि कम ज्यालामा गुजारा गरिरहेका छन् । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार वैदेशिक रोजगारीबाट प्रति व्यक्ति मासिक रकम ३०-३५ हजार रुपैयाँ मात्र रहेको देखिन्छ । राष्ट्रको द्घइए धेरै मजबुत भएता पनि आम वैदेशीक रोजगारमा गएका व्यक्तिहरुको आय निकै कम रहेको छ ।

रोजगारी भनेको व्यक्तिको निहित आवश्यकता मात्र होइन, राष्ट्र र समाजको आवश्यकता हो । फाईदामुलक रोजगार भएको खण्डमा समाज, राष्ट्र चलायमान हुन्छ । यसले समतामूलक सम्वृद्धि हासिल प्राप्त गर्न धेरै समय लाग्दैन । त्यसैकारण राष्ट्रको महत्वपूर्ण उद्देश्य भने कै रोजगारी सिर्जना हो ।

नेपाली कामदार जाने विदेशी मुलुकमा कुन सिपको बढि ग्राह्यता छ, त्यसको खोज/अनुसन्धान विभिन्न माध्यमका साथै ङ्क प्रयोग गर्नुपर्छ । त्यसअनुरुप तालिमको व्यवस्था प्रदेश सरकारले सबै पालिकाहरुमा गराउनुपर्छ । कुन राष्ट्रलाई के कस्ता सिपयुक्त काममदार कुन समयमा माग हुन्छ त्यसको प्रक्षेपण गर्न सकिने कम्प्युटरकृत प्रणाली पनि स्थापित गर्नुपर्छ। प्रक्षेपण अनुरुप स्थानीय इच्छुक युवाहरुलाई समयमै तालिम दिनुपर्छ ।

देशभित्र पनि के कस्तो कामदारको आवश्यकता र कुन समयमा बढि माग हुन्छ, यसको पनि प्रक्षेपण गर्न सकिने प्रणाली स्थापित गर्नुपर्छ । यही अनुसार प्रदेश सरकारले पालिकाहरुको संयोजनमा तालिम गराउनु पर्दछ ।

*कार्यविधि :* दक्ष तथा अदक्ष रोजगारी पहिचान गरि स्थानीय पालिकामा अभिलेख हुन जरुरी छ । यसका लागि नियमित अन्तरालमा रोजगारका लागि हरेक व्यक्तिको स्थायी ठेगानासहित वडामा रजिष्ट्रेशन हुनुपर्छ । यो कार्यलाई कम्प्युटरको

माध्यमबाट इन्ट्री गर्नुपर्छ । साथसाथै पालिकाले स्थानिय अवस्थामा रोजगारको केकस्तो अवस्था छ, त्यस्को पनि नियमित मूल्यांकन गरिराख्नुपर्छ ।

१. स्वदेशमा रोजगारका अवसरहरु सिर्जना गर्नका लागि स्थानीय तहमा उद्योगहरुको स्थापना र सञ्चालनमा जोड दिईनेछ । साथै यसका लागि लगानीमैत्री तथा सरल र सुलभ दरमा स्थानिय वाणिज्य बैंकबाट ऋण प्रदान गर्ने नीति बनाई कार्यान्वयन गर्नुपर्छ ।

२. वैदेशिक रोजगारमा गएकाहरु शोषण वा अन्याय परेको छ/छैन भने त्यसको निराकरण वडास्तरबाटै कारवाहीको दायरा अगाडी बढाउनुपर्छ ।

३. विदेशी रोजगारदताले कबुलेको रकम दिएको छ, छैन त्यसको पनि पालिकाले निर्क्यौल गर्नुपर्छ ।

४. देशभित्रको रोजगारीको अवस्था कस्तो छ ? कुनै संघसंस्थाले कबुलेको तलब वा राष्ट्रीय न्यूनतम तलबभन्दा कम दिएको छ भने त्यस्मा हस्तक्षेप गर्नुपर्छ । घर गाउँ वा कुनै अन्य ठाउँमा दैनिक ज्यालामा काम गरेको छ भने न्यूनतम ज्याला र सेवा सुविधा दिए नदिएको अनुगमन गर्नुपर्छ ।

५. वडाको बेरोजगार युवाहरुको तथ्यांक राखी देश विदेशमा समयमै रोजगारीको अवसर आउने बित्तिकै सोही अनुसार समन्वय गर्नुपर्छ ।

६. वाड र पालिका दिगो रोजगारीको व्यवस्था गर्ने कार्यमा उन्मुख हुनुपर्छ । वाड र पालिकाभित्रको कुनै पनि रोजगारको अवसरलाई स्थानिय वासिन्दालाई प्राथमिकता दिने तथा जनशक्तिलाई तालिमको आवश्यकता परेको खण्डमा त्यसको व्यवस्था गर्नुपर्छ ।

## ख. शिक्षा : नैसर्गीक अधिकार

१. वडा र पालिकाको सबैभन्दा महत्वपूर्ण कार्य र उद्देश्य सम्पूर्ण बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हो । गुणस्तर शिक्षा नै रोजगारी र उद्यमशीलताको प्रथम कडी हो ।

२. ्हाम्रो राष्ट्रिय कार्यक्रम अनुसार हरेक वार्डमा एउटा माध्यमिक विद्यालयको व्यवस्था गरिनेछ र कक्षा ५ देखि १० सम्मको आईटीको सहयोगमा अंग्रेजी, नेपाली, गणीत र विज्ञानको अध्यापन गराइनेछ । त्यसै अनुसार कक्षा १ देखि ४ सम्म र कक्षा ११ र १२ मा पनि वार्डको अनुगमनमा गुणस्तरीय शिक्षा प्रदान गर्नेछ ।

३. राष्ट्रिय नीति अनुसार सबैलाई शिक्षाको समान अवसर दिइनेछ । आर्थिक रुपले सम्पन्न बालबालिकाको परिवारबाट केही रकम शुल्कको रुपमा लिइ विपन्न बालवालिकाहरुलाई दैनिक खाजाको साथ अरु सहयोगमा पनि खर्चिने छ ।

४. सूचना तथा प्रविधि प्रणाली मार्फत शिक्षक र विद्यार्थीको वैयक्तिक विवरण तयार गरिनेछ । यसको माध्यमवाट शिक्षकले हरेक विद्यार्थीको सिकाई, सहभागिता र प्रगतिको वारेमा जानकारी हाँरिल गर्न र मुल्यांकन गर्न सहज हुनेछ । साथै कुन विद्यार्थी कुन विषयमा कमजोर छ भन्ने कुरा पहिचान गरी थप उपाय अवलम्वन गर्न सहज हुनेछ ।

५. हाल सञ्चालनमा रहेका करीव २७,३०० सामुदायिक विद्यालयलाई आवश्यकता र औचित्यताका आधारमा गाभिनेछ। विद्यालय गाँभिदा शिक्षक अभाव व्यवस्थापन तथा दरवन्दी मिलान, योग्य शिक्षकको व्यवस्था यथाशीघ्र गरिनेछ।

६. माध्यमिक शिक्षा पाठ्यक्रम थप वैज्ञानिक एवं व्यवहारिक वनाउन स्वतन्त्र विज्ञहरुवाट पुनरावलोकन गराईने छ। अध्ययन सामग्रीहरु वोझिलो नभई सरल र वोधगम्य वनाइने छ। पठनपाठन शुरु हुनु अघि हरेक विद्यालयमा पाठ्यपुस्तक पुऱ्याइनेछ।

**खेलकुद**

खेलकुद, व्यायाम, योगले स्वस्थ्य समाज निर्माणमा महत्वपूर्ण भूमिका निभाएको छ। यसले रोगलाई थोरै भएपनि पर पर धकेलेको छ। खेलकुदले अनुशासनका साथै जीवनलाई अनुशासित बनाउन पनि मद्दत गर्छ। अतः पढाईसँगै खेलकुदलाई अगाडी लानुपर्ने देखिन्छ।

खेलकुदबाट पनि रोजगारी प्राप्त गर्न सकिन्छ भन्ने तथ्य क्रिकेट तथा फुटबलले राम्रो उदाहरण दिएका छन्।

ग. **उद्यमशिलता** :

अधिकांश पालिकाहरु कृषिमा आधारित छन्। अब यसलाई कृषिसँगै उद्यमशिलताको दिशातिर डोऱ्याउँदै जानुपर्छ। वडामा अधिकांश स्थानिय बासिन्दाको व्यवसाय के छ, नियमसंगत अनुगमन र मूल्यांकन गर्नुपर्छ।

१. वडा अध्यक्षको पहलमा वडा अनि पालिकाको सम्पूर्ण कृषि योग्य जमिनमा एकै प्रकारको फसल न्यूनतम समर्थन मूल्य तोकी अधित्कम उत्पादन गराउनु पर्दछ। तर फसलको न्यूनतम समर्थन मूल्य तोक्न प्रारम्भिक उद्योग स्थापना नगरी सम्भव छैन।

२. त्यसैकारण यस प्रकारको फसलको प्रारम्भिक उद्योग स्थापना हुने गरी उत्पादन हुनुपर्दछ। जस्तै शित भण्डारण स्थापना गर्न आवश्यकता अनुसारको स्याउ वा आलु उत्पादन हुनुपर्दछ वा चामल, तेल, दाना मिल स्थापना हुन आवश्यकता अनुसार धान, तोरी, मकै उत्पादन हुनुपर्दछ।

३. यस प्रकारको मिल स्थापना गर्न स्थानिय सरकारले जमिनको स्वामित्वको आधारमा ६ वर्षे ऋण आन्तरिक वाणिज्य बैंकबाट व्यवस्थापन गरिदिनेछ। जस्तै ३० करोडको मिलको कच्चा पदार्थ १००० बिगाहबाट उत्पादन हुन्छ भने प्रति बिगाह तीन लाख रुपैयाँको ऋण हुनेछ। यो सावा ६ वर्षको कृषि र मिलको आफ्नो भागको आम्दानीबाट चुक्ता गरिनेछ र ब्याज स्थानिय सरकारले वा सोको पहलमा प्रादेशिक वा केन्द्रीय सरकारले व्यहोर्ने छ।

४. कृषिजन्य उत्पादनको बजार व्यवस्थापनको लागि टोल टोलको किराना पसल र खुद्रे पसललाई वडा अन्तर्गत अनुबन्द गरिनेछ र उधारोमा ल्याएको साम्रगी बिकी गरेर समयमै उत्पादकलाई नतिरेको अवस्थामा नियम अनुसार तिराउने व्यवस्था गरिनेछ।

५. अर्काको जग्गामा खेतीपाती गर्ने किसानको लागि- जग्गा मालिक र जग्गा भाडामा लिने किसानको बीचमा सम्झौताको लागि कानुनी व्यवस्था हुनेछ।

६. यस प्रकारको उद्योग सञ्चालन गर्न स्थानिय उद्यमी वा नवउद्यमीलाई आवश्यकता पर्ने तालिम, अनुभव भहउयकगचभ र अन्य व्यवस्थापनका पूर्वाधार जस्तै दक्ष जनशक्ति, लेखापाल, व्यवस्थापक, टेक्निसियनको खोज गरि दिनुपर्दछ र बिस्तारै इच्छुक स्थानिय युवाहरुलाई तालिम गराई संलग्न गराउनुपर्दछ ।

७. उद्याम र उद्यमशिलताको विषयमा स्थानिय नव युवाहरुलाई आकर्षित गर्ने कार्यक्रम सञ्चालन गर्ने, बढावा दिने र प्रेरित गर्ने स्थायी कार्यलय हुनेछ ।

८. स्थानिय उत्पादनको बजार व्यवस्थापन गर्ने र खोज गर्ने साथै उत्पादनको गुणस्तर कायम गर्न सुपरिवेक्षण गर्ने र व्यवासयिक सल्लाह सुझाव र तालिम गराउनु पर्छ ।

९. स्थानिय बजार प्रदेशीय/राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारबारे खोज र तथ्यांक निरन्तर तयार गर्नुपर्छ । के कस्तो प्रकारको उद्यमशीलता पायक पर्छ, त्यसबारे निरन्तर नवयुवाहरुबिच प्रेसित गरि राख्ने ।

१०. बैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र दक्षता तथा आर्जन गरेका आर्थिक स्रोतहरुको सही सदुपयोग गरी त्यसको माध्यमवाट उद्यमशीलता प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

११. पर्यटन उद्यमशीलताको ठूला अवसरहरु आन्तरिक एवं वाह्य दुबै रहेका छन् । हरेक वडा/पालिकामा पर्यटनको सम्भावित स्थलहरु जस्तै प्राकृतिक तालतलैया, खोला, जंगल, सिमसार आदिलाई पर्यटनमैत्रीका रुपमा विकास गर्न सकिन्छ । यसलाई स्थानिय उद्यमीहरुले सिर्जनशील तवरले बजार व्यवस्थापन गर्न सक्ने नेतृत्वलाई बढावा दिनुपर्छ ।

## ख. स्वास्थ्य : नैसर्गीक अधिकार

१. स्वास्थ्यलाई रोकथाम मूलक र उपचारमूलक गरि दुई भागमा बाँड्नु पर्छ ।

२. रोकथाम मूलक कार्यक्रम, संघ, प्रदेश र पालिकाले प्राप्त सेवा सुविधा निरन्तर एवं गुणस्तर रुपले स्थानिय वासिन्दाहरुमा उपलब्ध गराउनु पर्दछ ।

३. माध्यमिक स्कूलमा सबै विद्यार्थीलई उपलब्ध गराएको पारिवारिक स्वास्थ्य सम्बन्धी ज्ञान र एपबाट वडाको समुदायको निरन्तर निगरानी गरि राख्नुपर्छ ।

४. परिवारको प्राथमिक स्वास्थ्य, सरुवा रोग स्वास्थ्यबारे सबैलाई जानकारी नियमित रुपले तालिका अनुसार जानकारी गराई राख्नुपर्दछ ।

५. सरुवा रोगजस्तै हैजा, डेंगु आदिको संक्रमण देखिने अवस्था भएको खण्डमा त्यसको अग्रीम रोकथाममा कार्यक्रम चलाई हाल्नुपर्दछ ।

६. वडाको रोकथाम कार्यक्रमबारे आईटी प्रणाली विकास गरिनेछ र यो निरन्तर अपडेटेड रीखनु पर्दछ ।

७. हरेक पालिका/वडामा आफ्नै स्रोत साधानबाट आफ्नै अधिनमा रहने गरि (पारिश्रमिक सेवा सुविधा र नियुक्ती) स्वास्थ्य प्राविधिकलाई तालिम गराई नियुक्ती दिनुपर्दछ ।

८. जसले गर्दा साधारण उपचारमूलक सेवाजस्तै हाडजोर्नीको उपचार, साधारण चिरफार आदि, विशेष प्रकारको औषधि दिने र साधारण रगत जाँच, एक्सरे, स्कानिङ (रेडियोलोजी, प्याथेलोजि) स्थानिय स्तरमै उपलब्ध गराउने कार्यक्रम ल्याइनेछ र यसको व्यवस्थीत व्यवस्थापन गर्नुपर्छ ।

९. नेपालको वर्तमान विकराल समस्या विरामी परेको खण्डमा उपचार गर्दा आवश्यकताभन्दा धेरै ठूलो धनराशी खर्च हुने हो । स्थानियबासी त्यस प्रकारको उपचार गर्नु परेको खण्डमा स्थानिय आचारसंहिता अनुसार अगाडी बढ्नु पर्दछ । स्थानिय आचारसंहिता कानुनकै रुपमा स्थापित गरिनेछ। यसमा धेरै उपचार खर्च लाग्ने खण्डमा स्थानिय पालिकाले सहजता प्रदान गर्नेछ ।

१०. स्थानिय निकायको नजिकको स्थापित अस्पतालको स्थापित चिकित्सकसँग सम्झौता गरि प्रारम्भिक अनुसन्धान गरि के कस्तो प्रकारको उपचार गरिन्छ भन्ने निर्क्योल गर्नुपर्दछ । यसमा स्थानियस्तरको स्वास्थ्य टेक्निसियनको पनि सहभागिता हुनुपर्दछ ।

११. वडाको सम्पूर्ण उपचारको क्रममा अनुगमन गर्ने आईटी प्रणाली विकास गरिने छ र त्यसमा तथ्यांक राखी अनुगमन गरिनेछ ।

१२. उपचारको गुणस्तर खर्चको अनुगमन गरिनेछ । विशेष रोगलाई राष्ट्रले दिने अनुदान, कर्मचारी भए रोजगार निकायले दिनु अनुदान वा पालिकाको आर्थिक अवस्था र कायृक्रम अनुसार दिने अनुदान, सहयोग प्राप्त गर्नेछ। यस प्रकारको अनुदान वा बिमा स्थानियको आर्थिक अवस्था अनुसार तय गरिनेछ ।

१३ स्थानियको उपचारमूलक सेवामा सकेसम्म कुनै कसर बाँकी नराखिने कार्यक्रम तय गरिनेछ ।

१४. स्थानीय तहका सरकारको कुल वजेटको १० प्रतिशत स्वास्थ्य सेवामा विनियोजन गर्ने नीति तथा कानून तर्जुमा गरिनेछ। स्थानीय स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

ङ. **शान्ति सुरक्षा**

१. स्थानीय तहले आफ्नै आन्तरिक स्रोतवाट व्ययभार हुने गरी स्थानीय ऐन वमोजिम नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गर्ने व्यवस्था मिलाईनेछ। यसका लागि आन्तरिक स्रोत अभिवृद्धि गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ ।

२. स्थानीय तहको नीति, कानून र निर्णय कार्यान्वयन, सांस्कृतिक समारोहको व्यवस्थापन, स्थानीय वजार एवं पार्किंगको व्यवस्थापन, स्थानीय सरसफाई, विपद् व्यवस्थापन, राहत तथा उद्दार कार्य व्यवस्थापन, छाडा चौपायां नियन्त्रण तथा व्यवस्थापन कार्यमा नगर प्रहरी परिचालन गरिनेछ।

३. स्थानीय तहको सम्पति, सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा स्थानीय पुर्वाधारको संरक्षण र विकास कार्यमा नगर प्रहरी परिचालन गरिनेछ।

४. स्थानीय न्यायिक समितिबाट भएका निर्णयहरुको कार्यान्वयन गर्न नगर प्रहरीलाई परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५. स्थानीय शान्ति सुरक्षा कार्यमा नेपाल प्रहरीका अलावा नगर प्रहरी परिचालन गर्ने व्यवस्था मिलाइने छ, जसवाट जनता र नगरप्रहरी वीच सहयोग र समन्वयको भावना विकास हुनेछ।

६. कुलत, मदिरापान, जुवातास खेलको रोकथाम र यसबारे विशेष सामग्ी प्रचार-प्रसार गरिनेछ ।

च. **खानेपानी, बिजुलीको व्यवस्थापन**

स्थानिय सकार सञ्चालन ऐन २०७४ को अधिकार अनुसार कार्यान्वयन गर्नेछ । हाम्रो कार्यक्रम अनुसार नेपाल विद्युत प्राधिकरण र खानेपानी संस्थानलाई विकेन्द्रीकरण गरिनेछ । त्यस अनुरुप ऐनले दिएको अधिकार अनुसार सेवा प्रदान गर्ने शुल्क उठाउने र निगरानी गर्ने कार्य गर्नेछ ।

छ. **न्यायिक कार्यसम्बन्धी व्यवस्था**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरेको न्यायिक कार्यसम्बन्धी व्यवस्था अक्षरशः लागु गरिनेछ ।

ज. **स्थानीय बजेट तर्जुमा र कार्यान्वयन**

स्थानीय तहका वजेट निर्माण र कार्यान्वयन प्रक्रियामा विभिन्न जनगुनासाहरु रहेका छन् । विभिन्न स्थानीय तहको आन्तरिक स्रोत परिचालन र राजश्व असुली क्षमतामा ठूलो भिन्नता रहेको, संघ र प्रदेशवाट समयमा जानुपर्ने बजेट बिनियोजन वा स्वीकृत बजेटसमेत प्राप्त नभएका गुनासाहरु पनि छन् । त्यसैगरी स्थानीय तहमा आर्थिक सुशासन, भ्रष्टाचार नियन्त्रण तथा बेरुजु असुली कार्य पनि चुनौतीको रुपमा रहेको देखिन्छ । उल्लिखित समग्र समस्या समाधान गर्नका लागि हाम्रो पार्टी प्रतिबद्ध रहेको छ ।

१. स्थानीय तहको वजेट तर्जुमा गर्दा जनसहभागितालाई प्राथमिकता दिईनेछ । संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन वमोजिम स्थानीय तहको अधिकारक्षेत्रभित्रका विषयमा कर निर्धारण गर्दा करदाताको क्षमता तथा शुल्क निर्धारण गर्दा सो वापत प्राप्त गर्ने सुविधा र सन्तुलन कायम गरिनेछ ।

२. वजेट तर्जुमाका क्रममा स्थानीय तहमा रहेका स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, स्थानीय राजश्व परामर्श समिति तथा वजेट तथा कार्यक्रम तर्जुमा समितिको कामकारवाहीलाई प्रभावकारी र जवाफदेही वनाईने छ ।

३. हरेक स्थानीय तहले समयमा नै वजेट प्रस्तुत गरी स्वीकृत गर्ने तथा वजेट वमोजिमको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कुरा सुनिश्चित गरिनेछ ।

४. आवश्यकता बमोजिम योजना र योजना बमोजिम बजेटको मान्यतालाई अवलम्वन गरिनेछ । यसमा पनि दिर्घकालिन तथा तुरुन्तै गर्नुपर्ने योजना वर्गिकरण गर्नुपर्छ । योजना तर्जुमा कार्य टोलवस्तीकै रोहबरमा आरम्भ गर्नुपर्छ । वडा तहवाट स्वीकृत योजनालाई माथिल्लो पालिकास्तरका योजनाहरु तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने व्यवस्था मिलाउनु पर्छ ।

५. आर्थिक सुशासन र बेरुजु असुली कार्यलाई सशक्त कार्यान्वयन गरिनेछ । भ्रष्टाचार नियन्त्रणका लागि शुन्यसहनशीलताको नीति अवलम्वन गरिनेछ ।